आठराई त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हाङपाङ, ताप्लेजुङ
१ नं प्रदेश, नेपाल

प.स. : २०७६/०७७
च.नं. : ७८

मितिः- २०७६/०५/१६

**बिषयः- कार्यक्रममा सहभागिता सम्बन्धमा ।**

श्री विद्यालयहरू सबै
आठराई त्रिवेणी गाउँपालिका, ताप्लेजुङ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४९, मिति २०७६/०५/१२ गतेको प्राप्त पत्रानुसार यही मिति २०७६ भाद्र २२ गते (सेप्टेम्बर ८, २०१९) आइतबारका दिन ४० औं **राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस २०७६** **"हामी सबैको प्रण-सार्वजनिक शिक्षा प्रणालीको सबलिकरण"** भन्ने मूल नाराका साथ भव्य रूपले मनाउने व्यवस्था गर्न हुन भनी लेखि आएको हुँदा तथा मिति २०७६ भाद्र २९ गते आइतबारका दिन **राष्ट्रिय बाल दिवस** परेकाले उक्त दिनहरूमा तपशिल बमोजिमका कार्यक्रमहरू गरि भव्यताका साथ मनाउने यस कार्यालयको निर्णय भएकाले उक्त कार्यक्रमहरूमा तपाईंको विद्यालयबाट प्रत्येक विधाका लागि १/१ जना विद्यार्थि छनौट गरि अनिवार्य सहभागि गराई दिन हुन अनुरोध छ ।

**तपशील :**

**१. मिति २०७६ भाद्र २२ गते हुने कार्यक्रमहरू :**

क) कक्षा १-५ का लागि : चित्रकला प्रतियोगिता
शिर्षक : "हिमालको फेदीमा सुन्दर गाउँ"
स्थान : सम्बन्धित विद्यालय रहेको वडा कार्यालयमा

ख) कक्षा ९-१२ का लागि : निवन्ध प्रतियोगिता
शिर्षक : "गुणस्तरीय शिक्षा आजको आवश्यकता"
स्थान : आठराई त्रिवेणी गाउँपालिकाको सभाहल

(निवन्ध कम्तिमा ५०० शब्द नबढाई एक घण्टा भित्र लेखि सक्नु पर्नेछ।)

**२. मिति २०७६ भाद्र २९ गते हुने कार्यक्रमहरू:**

क) कक्षा ६-८ का लागि : वक्तृत्वकला प्रतियोगिता
शिर्षक : "देश विकासमा बालबालिकाको भूमिका"
स्थान : सरस्वति मा.वि.को प्राङ्गण

ख) मिति २०७६ भाद्र २२ गते भएको निवन्ध प्रतियोगितामा सहभागी मध्ये उत्कृष्ट ३ वटा निवन्ध सम्बन्धित प्रतियोगिबाट वाचन कार्यक्रम

ग) पुरस्कार वितरण कार्यक्रम (भाद्र २२ र २९ गते दुबै दिनको) ।

**३. पुरस्कारहरू :**

क) प्रथम पुरस्कार : नगद रू. १,५००।- (एक हजार पाँचसय रूपैंयाँ मात्र ।)
ख) द्वितीय पुरस्कार : नगद रू. १,२००।- (एक हजार दुई सय रूपैंयाँ मात्र ।)
ग) तृतीय पुरस्कार : नगद रू. ८००।- (आठ सय रूपैंयाँ मात्र ।)
घ) सान्तवना पुरस्कार : नगद रू. ५००।- (पाँच सय रूपैंयाँ मात्र ।)

(नोट : उल्लेखित पुरस्कार रकममा नियमानुसार कर कट्टी हुनेछ ।)

..............................
विजय गोठाले गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

website: aathraitribenimun.gov.np ✉: aathrai.tribenimun@gmail.com ☎Tel:9852660960